आदरणीय नगर प्रमुख, एवं गरिमामय नगरसभाका अध्यक्षज्यू, सभाका सदस्यज्युहरु

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सुन्दर जगमा उभिएर, समृद्धिको सुनौलो यात्रामा अविचलित लम्किरहेको हाम्रो स्थानीय सरकारको तर्फबाट आज म यस गरिमामय अठारौं नगरसभा समक्ष भानु नगरपालिकाको **आर्थिक वर्ष २०८३/०८४ को नवीन नीति, कार्यक्रमका आधारमा जनमुखी बजेट** प्रस्तुत गरिरहँदा हृदयमा अगाध गौरव र ओठहरूमा आशाको मुस्कान महसुस गरिरहेकी छु ।

हाम्रो भानु, जहाँ साहित्यको सुवास छ; हाम्रो भानु, जहाँ श्रम र माटोको सुगन्ध छ। यो बजेट फगत अङ्कहरूको सङ्गालो होइन, बरु प्रत्येक भानुवासीको आँखामा सजिएको खुसी र समृद्धिको रङ्गीन सपनालाई साकार पार्ने एउटा पवित्र र बलियो प्रतिवद्धता हो ।

- देशमा अग्रगामी परिवर्तन, न्याय र लोकतन्त्रका लागि आफ्नो अमूल्य जीवन आहुति दिने महान् शहीदहरूको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै म उहाँहरू प्रति हार्दिक श्रद्धासुमन एवं उच्च सम्मान व्यक्त गर्दछु । उहाँहरूकै जगमा आज हामी नागरिकहरूद्वारा सुम्पिएको सुशासन, पारदर्शिता, र जनमुखी सेवा प्रवाहको अभिभारा पूरा गर्न दृढ सङ्कल्पित छौं ।
- हाम्रा तन्नेरी आँखाहरू रोजगारीका लागि मुग्लान पस्नुपर्ने, आन्तरिक बसाइँसराइले हाम्रा सुन्दर गाउँहरू प्रौढ वस्तीमा परिणत हुनुपर्ने र हाम्रा उर्वर खेतबारीहरू बाँझो रहनुपर्ने विवशताको मौन क्रन्दनले हामीलाई गम्भीर बनाएको छ । यी चुनौतीहरूलाई चिर्दै हाम्रै माटोमा उत्पादन र समृद्धिको नयाँ पालुवा उमार्नु, युवाहरूलाई आफ्नै आँगनमा उद्यमशील बनाउनु र करिब ५० हजार आदरणीय नगरवासीहरूको स्वाभिमानलाई उँचो राख्नु नै यस बजेटको मूल ध्येय हो ।
- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विनियोजन विधेयकका सिद्धान्त र दिगो विकासका लक्ष्यहरूलाई मूल आधार बनाउँदै आम नागरिक र प्रबुद्ध समाजले दिएका मीठा र रचनात्मक सुझावहरूलाई मैले यस बजेटको मार्गदर्शक किरण मानेकी छु ।

## १. बजेटका मूल उद्देश्य तथा प्राथमिकताहरू

हाम्रो दीर्घकालीन सोच **"साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध र समुन्नत भानु हाम्रो"** भन्ने पवित्र भावनाबाट अभिप्रेरित भई यस बजेटका उद्देश्यहरू तय गरिएका छन् ।

## मूल उद्देश्यहरू:

- भानुको अर्थतन्त्रलाई चलायमान, उत्पादनमुखी र गतिशील बनाउने ।
- जनसहभागिता, पारदर्शिता र उत्तरदायित्वको माध्यमबाट ओभानो र गुणस्तरीय सेवा घर-घरमा पुऱ्याउने ।
- लोकतन्त्रका सुमधुर फलहरूलाई समाजका गरिब, विपन्न र सीमान्तकृत नागरिकको पहुँचसम्म न्यायोचित रूपमा वितरण गर्ने ।
- स्थानीय नेतृत्व र विधायिकी, कार्यकारिणी तथा न्यायिक अभ्यासलाई संस्थागत गर्दै समाजवाद उन्मुख शासन प्रणाली सुदृढ गर्ने ।

## क्षेत्रगत प्राथमिकताहरू:

- **सामाजिक विकास:** स्वास्थ्य, शिक्षा र लैङ्गिक समानताको उज्यालो प्रकाश ।
- **आर्थिक विकास:** कृषि, पर्यटन र उद्यमशीलताको दिगो विकास ।
- **पूर्वाधार विकास:** आधुनिक सडक, स्वच्छ खानेपानी र हरित संरचना ।
- **सुशासन:** सूचना प्रविधिको प्रयोगमार्फत भ्रष्टाचारमुक्त चुस्त सेवा प्रवाह ।

### २ बजेटको संशोधित आय तथा व्यय विवरण (गत आर्थिक वर्षको समीक्षा)

विगतको ऐनामा हेर्दा, हाम्रो अथक प्रयासका कारण संकलित र खर्च भएका आर्थिक विवरणहरू निम्नानुसार रहेका छन्:

- **कुल संशोधित आय:** चालु वर्षमा कुल आय रु.८० **करोड ८० लाख ४८ हजार २ सय ९१** (प्रस्तावित आयको ८६.१३%) रहेको छ ।
- **खर्चको अवस्था:** चालु खर्चतर्फ रु. ४७ **करोड ६९ लाख ६३ हजार ८ सय ८९** (७४.५६%) र पुँजीगततर्फ रु. ८ **करोड ९८ लाख २ हजार ३५** (३०.०८%) खर्च भई हालसम्मको औसत खर्च प्रतिशत **६४.४१%** रहेको छ ।
- **आन्तरिक राजस्व:** रु. ३ करोड २५ लाखको लक्ष्य रहेकोमा असार ९ गतेसम्म रु. **२ करोड ६४ लाख ४३ हजार १ सय ३७** परिचालन भएको छ ।
- **प्राप्त वित्तीय हस्तान्तरण:**
  - संघीय समानीकरण: रु.१२ करोड ५४ लाख ६९ हजार
  - संघीय सशर्त (चालु): रु. ४० करोड ९१ लाख ९० हजार
  - संघीय सशर्त (पुँजीगत): रु. १ करोड २ लाख ५८ हजार २ सय ७७

- संघीय राजस्व बाँडफाँडः रु. ९ करोड ९६  लाख १६ हजार ७ सय ६३
- प्रदेश समानीकरणः रु. १ करोड ३८ लाख ७ सय ५०
- प्रदेश विशेष (पुँजीगत): रु. २० लाख
- प्रदेश समपूरक (पुँजीगत): रु. ३६ लाख ६६ हजार
- प्रदेश राजस्व बाँडफाँडः रु. १ करोड ९ लाख १२ हजार ९ सय २७

यसरी चालु आ.व. को कुल वित्तीय हस्तान्तरण ६६ करोड ४६ लखा ५५ हजार ४ सय चालिस प्राप्त भएको छ ।

**३. आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत बजेट र सुमधुर कार्यक्रमहरू**

**स्वास्थ्यमा सहज पहुँचः "निरोगी नागरिक, समृद्ध नगर"**

स्वास्थ्य सेवालाई ओठे प्रतिबद्धतामा मात्र होइन, नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गरिनेछ ।

- **पुरनडिही र कालिमाटी नगर अस्पताल**का अत्याधुनिक भवनहरूको निर्माण कार्य सम्पन्न गरी नयाँ डिजिटल प्रविधियुक्त प्रयोगशाला र एक्स-रे सेवा सुचारु गरिनेछ ।
- क्यान्सर, मुटु र मिर्गौला जस्ता गम्भीर रोगबाट पीडित अति विपन्न नागरिकलाई मलम लगाउन आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।
- **'क्षयरोग मुक्त अभियान'** मार्फत आगामी वर्षभित्र नगरलाई क्षयरोग शून्य बनाइनेछ ।
- **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** को मर्म बोकी 'नागरिक आरोग्य अभियान' र **"१ स्वास्थ्यकर्मी, १ विद्यालय, १ घण्टा"** अभियानमार्फत बालबालिकाहरूलाई विद्यालयमै स्वास्थ्य शिक्षा प्रदान गरिनेछ ।

**स्वास्थ्य क्षेत्रको कुल बजेट:** रु. **७  करोड २९ लाख** विनियोजन गरेको छु । यस क्षेत्रका लागि कुल बजेटको ८ दशमलव ६१ प्रतिशत रहेको छ ।

गुणस्तरीय शिक्षाः "चेतनाको उज्यालो, भानुको सुनौलो भोलि"

- पञ्चवर्षीय नगर शिक्षा योजनामार्फत हाम्रा सामुदायिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा कायापलट गरिनेछ ।
- सामुदायिक विद्यालयमा महिला शिक्षक सुत्केरी हुँदा बालबालिकाको पढाइ नरोकियोस् भनी **स्वयंसेवक शिक्षक परिचालन** गर्ने मानवीय नीतिलाई निरन्तरता दिइएको छ ।
- सरकारी कोषबाट सेवा सुविधा लिने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरूका बालबालिकाहरूलाई सामुदायिक विद्यालयमै भर्ना गर्न विशेष प्रोत्साहन गरिनेछ ।

- कक्षा १ देखि ८ सम्मको स्थानीय माटोको सुगन्ध समेटिएको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक प्रभावकारी रूपमा लागू गरिनेछ ।

**शिक्षा क्षेत्रको कुल बजेट**: रु. **३८ करोड ७१ लाख** विनियोजन गरेको छ ।जुन कुल बजेटको कुल बजेटको ४५ दशमलव ७२ प्रतिशत हुन आउछ ।

**कृषि, पशुपालन र रैथाने बालीः "माटोलाई माया गरौं, आत्मनिर्भर बनौं"**

हाम्रो अर्थतन्त्रको जग नै कृषि हो । कृषकको पसिनाको मूल्य र माटोको सम्मान नै हाम्रो समृद्धि हो।

- आधुनिक प्रविधि, उन्नत बीउबिजन र व्यावसायिक खेतीमार्फत उत्पादनमा नगरलाई आत्मनिर्भर बनाइनेछ । रैथाने बाली, बीउबिजन र घाँस उत्पादनका लागि 'स्रोत केन्द्र' स्थापना गरिनेछ ।
- अदुवा, बेसार जस्ता अग्र्यानिक उत्पादनको निर्यात बढाउन र किसानका उत्पादन सजिलै बजार पुऱ्याउन "**कृषि एम्बुलेन्स**" को सुमधुर व्यवस्थापन गरिनेछ ।
- नवप्रवर्तनकारी परियोजना "**कृषिमा रूपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग**" का लागि रु. **३० लाख** विनियोजन गरिएको छ ।
- 'पशु स्वास्थ्यमा नगरपालिकाको टेवा, खोर गोठमा प्राविधिक सेवा' नाराका साथ निःशुल्क पशु खोप र स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

**कृषि तथा पशुपालन क्षेत्रको कुल बजेट**: रु. **९५ लाख ५० हजार** विनियोजन गरेको छु ।

**सुशासन, पारदर्शिता र भ्रष्टाचारमा शून्य सहनशीलता**

- सूचना प्रविधिको अधिकतम प्रयोग गरी सार्वजनिक सेवालाई झन्झटमुक्त र पूर्ण अनलाइनमैत्री बनाइनेछ ।
- **भ्रष्टाचार र सदाचारमा नगरपालिकाले शून्य सहनशीलता**को कडा नीति लिनेछ र नागरिकका गुनासाहरूलाई तत्काल सम्बोधन गर्ने संयन्त्रलाई सशक्त बनाइनेछ ।

**सुशासन र संस्थागत क्षमता विकास बजेट**: रु.१५ **करोड ५१ लाख** रहेको छ । सुशासन अभिवृद्धि क्षेत्रका लागि कुल बजेटको अनुमानित १८ दशमलव ३१ प्रतिशत रहन्छ ।

**दिगो भौतिक पूर्वाधार विकास**

- हाम्रा पूर्वाधारहरू केवल कंक्रिटका थुप्रा हुने छैनन्, ती बालमैत्री, अपाङ्गमैत्री र महिलामैत्री बन्नेछन् ।

- खानेपानीको सहज पहुँच, व्यवस्थित सडक सञ्जाल र वातावरणमैत्री दिगो संरचनाहरू निर्माण गरिनेछ ।

**भौतिक पूर्वाधार विकास कुल बजेट: रु. २५ करोड ५० लाख** विनियोजन गरेको छु ।जुन कुल बजेटको ३० दशमलव ११ प्रतिशत हुन आउँछ ।

## वातावरण, विपद् व्यवस्थापन र सामाजिक समावेशीकरण

- जलवायु परिवर्तनको सामना गर्न हरियाली प्रवर्द्धन र महामारीको पूर्वतयारीका लागि विशेष प्रतिकार्य योजना लागू गरिनेछ । **विपद् व्यवस्थापनका लागि रु. ५० लाख छुट्याएको छु ।**
- दलित, जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक समुदायको क्षमता र आयआर्जन वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- घरेलु हिंसा, जातीय छुवाछुत, र लागुपदार्थ दुर्व्यसनी जस्ता सामाजिक कलङ्क विरुद्ध चेतनामूलक अभियान चलाइनेछ ।

सामाजिक सशक्तिकरण र समावेशीताका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

## उद्यमशीलता, रोजगारी र नवप्रवर्तन

- हाम्रा युवाहरूलाई सीप, पूँजी र प्रविधिको त्रिवेणीमा बाँधेर स्वरोजगार बनाइनेछ ।
- माध्यमिक विद्यालयहरूमा **"पढ्दै कमाउँदै कार्यक्रम"** लागू गरी विद्यार्थीहरूलाई आत्मनिर्भरताको पाठ सिकाइनेछ ।
- सार्वजनिक जग्गाको संरक्षण गर्दै निजी र सहकारी क्षेत्रसँगको साझेदारीमा कृषि उद्योग र साना घरेलु उद्यमहरू स्थापना गरिनेछ ।

यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## पर्यटन र साहित्यको गौरवः "भानु जन्मस्थल जाऊँ, भानुलाई चिनाऔं"

आदिकवि भानुभक्त आचार्यको जन्मभूमिको ओजलाई विश्वभर छर्न हामी कटिबद्ध छौं ।

- **"भानु जन्मस्थल जाऊँ भानुलाई चिनाऔं"** को राष्ट्रिय भावका साथ आदिकविको विशाल प्रतिमा, सप्तधाम, साहित्यिक पार्क र पूर्वाधार निर्माणका लागि वृहत् गुरुयोजना कार्यान्वयन गरिनेछ ।
- हाम्रो विशेष र अनवरत प्रयासको फलस्वरूप संघीय सरकारबाट "भानु साहित्य उद्यान" का लागि रु. २४ करोड विनियोजन भएको खुसीको खबर साटासाट गर्दै नगरपालिकाले पनि यसमा पर्याप्त लगन, मेहनत र आवश्यक गृहकार्य गरेको छु ।

- **"भानु नगरको होमस्टे जाऔँ"** अभियानमार्फत रोधी, घाँटु, लाखेनाच, चुट्का र झाम्रे जस्ता हाम्रा अमूल्य लोक संस्कृति र मौलिक खानाको स्वाद चखाउँदै 'होमस्टे सर्किट' को विकास गरिनेछ ।

**४. आगामी आर्थिक वर्ष २०८३/०८४ को कुल बजेट, स्रोत र खर्चको रूपरेखा**

यो सुन्दर योजनालाई मूर्तरूप दिन आगामी आर्थिक वर्षका लागि कुल रु. ८४ करोड ६६ लाख ४४ हजार २४ रुपयाँको विशाल आम्दानी र खर्चको प्रक्षेपण गरिएको छ ।

## आम्दानीका प्रमुख स्रोतहरू (अनुमानित):

| स्रोतको विवरण | अनुमानित रकम |
|---|---|
| आन्तरिक आय (घरजग्गा, बहाल, व्यवसाय, मालपोत कर आदि) | रु. ३ करोड ७५ लाख |
| संघीय राजस्व बाँडफाँड | रु. ११ करोड ९८ लाख ९६ हजार |
| प्रदेश राजस्व बाँडफाँड | रु. १ करोड ३३ लाख ६ हजार |
| संघीय सरकार अनुदान (समानीकरण, सशर्त, विशेष, समपूरक) | रु. ५९ करोड ९८ लाख |
| प्रदेश सरकार अनुदान (समानीकरण, सशर्त, विशेष, समपूरक) | रु. १ करोड ६१ लाख ४१ हजार ५ सय ६८ |
| गत आर्थिक वर्षको नगद मौज्दात (अल्या) र नवप्रवर्तन | रु. ३ करोड |
| **नगद आम्दानी** | **रु. ४३ करोड** |
| **कुल स्रोत** | **रु. ८४ करोड ६६ लाख ४४ हजार २४** |

## व्यय/खर्चको विनियोजनः

- **चालुतर्फ**: रु. **५८ करोड १६ लाख ४४ हजार** (६८.७०%) । (यसमा संघीय सशर्त अनुदानतर्फको शिक्षक, विद्यालय कर्मचारी, स्वास्थ्य तथा आयुर्वेदतर्फका राष्ट्रसेवकहरूको तलब, पोसाक र महँगी भत्ता र समग्र कार्यक्रम खर्च समेत समावेश भएकाले चालु खर्च धेरै देखिएको हो ।

**पुँजीगततर्फ**: रु. २६ करोड ५० लाख (३१.३%) जुन विकास र समृद्धिको दरिलो आधार हो ।

## ५. आर्थिक सुधारका नवीन पाइलाहरू

- **राजस्व सुधार**: कर प्रणालीलाई सरल र प्रविधिमैत्री बनाइनेछ । नगरभित्रका व्यापारिक, औद्योगिक र वित्तीय संस्थाहरूको प्रोफाइल अद्यावधिक गरी दायरा विस्तार गरिनेछ र असल करदाताहरूलाई प्रेमपूर्वक पुरस्कृत गरिनेछ ।
- **सहानुभूतिपूर्ण सामाजिक सुरक्षा**: हाम्रा गरिब, अशक्त र असहाय नागरिकहरूलाई केन्द्रमा राखी प्रगतिशील कर प्रणाली विकास गरिनेछ । कृषि, सामाजिक सुरक्षा, छात्रवृत्ति, अपाङ्गता र स्वास्थ्य उपचार सम्बन्धी सिफारिस दस्तुरहरू पूर्ण रूपमा **निःशुल्क** गरिनेछ ।
- **पारदर्शिताको ग्यारेन्टी**: समपूरक, अनुदान र अन्य बजेटहरू स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (**SUTRA**) मार्फत प्रविष्ट गरी पूर्ण पारदर्शी रूपमा भुक्तानी दिने अकाट्य व्यवस्था मिलाइएको छ ।

**बजेटका विस्तृत अंश र विवरणहरु विनियोजन विधेयक, २०८३ र कर सम्बन्धी प्रस्ताव आर्थीकि विधेयक, २०८३ यसैं साथ प्रस्तुत गरेको छु ।कर सम्बन्धी प्रस्ताव संकलन साउन १ गते लागु हुने व्यवस्था मिलाएको छु ।**

**सभाअध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरु,** यो बजेट केवल अंकहरूको जोडघटाउ होइन, यो हाम्रा सन्ततिको सुन्दर भविष्य लेख्ने एउटा साझा कविता हो । यस संकल्पलाई सफल बनाउन नगरवासी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल र हाम्रा विकास साझेदारहरूको सिर्जनात्मक साथ, सहयोग र न्यानो समर्थनको अपेक्षा गर्दछु ।

आउनुहोस्, हातमा हात मिलाएर अघि बढौं र हाम्रो भानुलाई नेपालकै सर्वोत्कृष्ट, सभ्य र समृद्ध नगर बनाऔं ।

धन्यवाद !

**उमा गोतामे**

उप-प्रमुख एवं संयोजक बजेट तथा कार्यक्रम तर्जुमा समिति

**भानु नगरपालिका, तनहुँ**